Regd No: 77/1263/057/058
PAN No: 302275560
स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल
Independent Power Producers' Association, Nepal
नेपालको समृद्धिका लागि ऊर्जा

च.न. ०८०/८१-६६

मितिः २०८०।१०।२०

President
Ganesh Karki
Senior Vice President
Mohan K. Dangi
Vice President
Ananda Chaudhary
Ashish Garg
Bharat B. Khatri
Ram P. Acharya
Uttam Bhlon Lama
General Secretary
Balaram Khatiwada
Deputy General Secretary
Prakash Chandra Dulal
Secretary
Bharat Kumar Khadka
Bharat Nepal
Bikram Bista
Him P. Pathak
Kabita Pokhrel
Treasurer
Narendra Ballav Panth
Member
Bharat P. Parajuli
Bijay Mohan Bhattarai
Isha Shrestha
Kuber Mani Nepal
Mithun C. P. Paudel
Shankar Bashyal
Suman Joshi
Susan Karmacharya
T N Acharya
Uttar K. Shrestha
Associate Member
Shailendra Guragain
IPP & Chief Advisor
Krishna P. Acharya

श्रीमान् सचिवज्यू,
ऊर्जा, जलस्रोत तथा सिञ्चाई मन्त्रालय
सिंहदबार, काठमाडौं

विषय : शेयर जारी गरिदिनका लागि पहल गरिदिनु ।

महोदय,

उपरोक्त सम्बन्धमा नेपालको समृद्धिको लागि ऊर्जा भन्ने मुल नारा सहित स्थापना भएको स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल ( इप्पान) ५०० भन्दा धेरै विद्युत आयोजनाहरु सदस्य रहेको निजी क्षेत्रका ऊर्जा उत्पादकहरुको साझा संस्था हो ।

नेपालमा ऊर्जा आयोजनाको अध्ययन, निर्माण र उत्पादन सबै क्षेत्रमा दुई तिहाई हिस्सा बनाएको इप्पानका सदस्य संस्थाबाट यस क्षेत्रमा १३ खर्ब रुपैयाँ भन्दा बढी लगानी भई करीब २ हजार २०० मेगावाट विद्युत उत्पादन भइरहेको छ ।

त्यस्तै, १० हजार मेगावाट क्षमताका आयोजनाहरु पीपीएको पर्खाइमा, ३ हजार २०० मेगावाट क्षमताका आयोजनाहरु निर्माणाधिन, ३ हजार ५ मेगावाट क्षमताका आयोजनाहरु निर्माणमा जाने तयारीमा र १२ हजार मेगावाट क्षमताका आयोजनाहरु अध्ययनको चरणमा रहेको व्यहोरा श्रीमान् सचिव ज्यूलाई अवगत गराउन चाहन्छौ ।

चालू आर्थिक वर्षमा मात्रै नेपालले १५ अर्ब रुपैयाँ बराबरको विद्युत निर्यात गर्दा यसमा ठूलो हिस्सा स्वतन्त्र ऊर्जा उत्पादकहरुको रहेको कुरा पनि श्रीमान् सचिवज्यूलाई जानकारी नै छ । आगामी दिनमा निजी क्षेत्रको हिस्सा बढेर जाने कुरामा दुई मत छैन ।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
दर्ता नं. : 3686
मिति : 080190122

*President*
Ganesh Karki
*Senior Vice President*
Mohan K. Dangi
*Vice President*
Ananda Chaudhary
Ashish Garg
Bharat B. Khatri
Ram P. Acharya
Uttam Bhlon Lama
*General Secretary*
Balaram Khatiwada
*Deputy General Secretary*
Prakash Chandra Dulal
*Secretary*
Bharat Kumar Khadka
Bharat Nepal
Bikram Bista
Him P. Pathak
Kabita Pokhrel
*Treasurer*
Narendra Ballav Panth
*Member*
Bharat P. Parajuli
Bijay Mohan Bhattarai
Isha Shrestha
Kuber Mani Nepal
Mithun C. P. Paudel
Shankar Bashyal
Suman Joshi
Susan Karmacharya
T N Acharya
Uttar K. Shrestha
*Associate Member*
Shailendra Guragain
*IPP & Chief Advisor*
Krishna P. Acharya

ऊर्जा, जलस्रोत तथा सिञ्चाई मन्त्रालयले सन् २०३५ भित्र २८ हजार ५ सय मेगावाट बराबर विद्युत उत्पादन गर्ने लक्ष्य राखेको छ । सो लक्ष्य पूरा गर्नका लागि बढीभन्दा बढी जलविद्युत आयोजना निर्माण गर्नुपर्ने आवश्यकता छ । तर, धितोपत्र बोर्डबाट जलविद्युत आयोजनाहरुको आईपीओ र राइट सेयर जारी गर्न ढिलाई भईरहेको कारणले निर्माणाधीन आयोजनाहरुको निर्माण अघि बढाउन समस्या परेको व्यहोरा श्रीमान् सचिव ज्यूलाई जानकारी गराउन चाहन्छौं ।

निर्माणाधीन आयोजनाहरुको निर्माणलाई समयमै सम्पन्न गर्नका लागि हाल धितोपत्र बोर्डमा विचाराधीन अवस्थामा रहेका जलविद्युत आयोजनाहरुको आईपीओ र राइट सेयर तत्काल जारी गर्नका लागि पहल गरिदिनु हुन हार्दिक अनुरोध गर्दछौ ।

भवदीय,

गणेश कार्की
अध्यक्ष